## सुनकोशी गाँउपालिका

# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिका, रामटार सिन्धुलीद्वारा प्रकाशित

**खण्ड ४, संख्या ७**

**फाल्गुण २३ गते २०७७ साल**

# भाग १

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार बमोजिम सुनकोशी गाउँपालिकाद्धारा बनाईएको ऐन, ऐनको १०२ (३) बमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

## सुनकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७

**प्रस्तावना**: नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनकोशी  गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

गाउँ सभाबाट स्विकृत मिति : २०७७/११/२१

प्रमाणीकरण मिति : २०७७/११/२३

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम सुनकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ रहेको छ।

(२) यो ऐन सुनकोशी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले “स्थानीय सरकार सञ्चालन ऐन, २०७४” सम्झनु पर्छ।

(ख) “कार्यपालिका” भन्नाले “सुनकोशी गाउँपालिकाको गाउँकार्यपालिका” सम्झनु पर्छ।

(ग) “गाउँपालिका” भन्नाले “सुनकोशी गाउँपालिका, रामटार सिन्धुली” सम्झनु पर्छ।

(घ) “गाउँसभा” भन्नाले “संविधानको धारा २२२ बमोजिमको सुनकोशी गाउँपालिकाको गाउँसभा” सम्झनु पर्छ।

(ङ) “संविधान” भन्नाले “नेपालको संविधान” लाई सम्झनु पर्छ।

(च) “स्थानीय ऐन” भन्नाले “सुनकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७” सम्झनु पर्छ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**: (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही गाउँकार्यपालिकाले आवश्यकता अनुसार विनियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

आज्ञाले,
बसन्त न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत